श्रम दर्ता नं. ३३८७

पेशागत हकहित, सुरक्षा, श्रम एकता आजको आवश्यकता

# नेबियु सन्देश

NEBEU SANDESH त्रैमासिक

आवद्ध : एनडीफ्रन्ट

वर्ष - ६ अङ्क १ पूर्णाङ्क ९ २०७७ बैशाख सहयोग रू. १०/-

नव वर्ष २०७७ को उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना

नेपाल बैङ्क कर्मचारी युनियन परिवार

## युनियनको प्रशिक्षण कार्यक्रम सम्पन्न




यस युनियनले मिति २०७५ पौष १४ गतेकाठमाण्डौवर्ल्डहेरिटेजहोटेलद्वारिकाछेंऽमा शान्त तथा सौम्य वातावरणमा How To Succed विषयक १ दिने प्रशिक्षण कार्यक्रमको आयोजना गरेको थियो । नेपाल बैङ्क कर्मचारी युनियनका पदाधिकारी, सदस्य तथा नयाा कर्मचारीहरू समेतको सहभागिता रहेको प्रशिक्षण कार्यक्रममा अनुभवी प्रशिक्षकद्वय कीर्तितुलाधर र कृष्णेश्वरी हाडाले सैद्धान्तिक तथा व्यावहारिक रूपमा सो विषय सम्वन्धित अन्य विषय समेतलाई समेट्दै प्रशिक्षण दिनुभएको थियो ।

युनियनका अध्यक्ष रमेशकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा महासचिव राजुराम मुनंकर्मीले कार्यक्रमको औचित्यतामाथि प्रकाश पार्नुभयो भने नेपाल बैङ्क कर्मचारी युनियनका संस्थापक अध्यक्ष तथा वरिष्ठ सल्लाहकार प्रकाशलाल जोशीले युनियनलाई जिवन्तरूपमा अगाडि बढाउन प्रशिक्षण कार्यक्रमले ठूलो सघाउ पुग्ने बताउनुभयो ।

*बाँकी पृष्ठ ९ मा*

## युनियनको बार्षिकोत्सवमा तुच्चा ज्याइवः

नेपाल बैङ्क कर्मचारी युनियनले आफ्नो बार्षिकोत्सवको उपलक्षमा मनाउादै आईरहेको जलपान कार्यक्रम र दीपावली कार्यक्रमलाई यो वर्ष पनि निरन्तरता दिंदै हिजो २०७५ श्रावण १३ गते आईतबार नेपाल बैङ्क लिमिटेड प्रधान कार्यालयको प्राङ्गणमा नेवारी परम्परा अनुसारको सम्हेबजि सहितको तुच्चा ज्याइवः भव्यतापूर्वक सम्पन्न गरेको छ ।

नेपाल बैङ्क कर्मचारी युनियनको पााचौवर्ष प्रवेशको उपलक्षमा आयोजित उक्त कार्यक्रममा नेपाल बैङ्क लिमिटेडका प्रमुख कार्यकारी अधिकृत देखि उच्च व्यवस्थापक, व्यवस्थापक, प्रधान कार्यालय र काठमाण्डौ अफिसमा कार्यरत सम्पूर्ण कर्मचारीहरू, उपत्यकामा रहेका नेपाल बैङ्कका शाखागत प्रतिनिधिहरू, युनियनका संस्थापक देखि वर्तमान कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको सहभागिता रहेको थियो ।

*बाँकी पृष्ठ ११ मा....*

**बैङ्कको सबैभन्दा सवल पक्ष यस प्रतिको जनविश्वास हो**



**पूर्व अध्यक्ष**

**डा. पुष्पराज राजकर्णिकारसंगको**

**अन्तर्वार्ता**

**(पृष्ठ ६ मा)**

## नवनियुक्त अध्यक्ष र युनियन प्रतिनिधिको भेटघाट

नेपाल बैङ्क लिमिटेड सञ्चालक समितिका नव नियुक्त अध्यक्ष बासुदेव अधिकारी समक्ष मिति २०७५ फागुन ३ गते शुक्रबारका दिन यस युनियनका पदाधिकारी तथा सदस्यहरू सहितको प्रतिनिधि मण्डलले बैङ्कको सञ्चालक समितिको सभाकक्षमा भेटघाट कार्यक्रम सम्पन्न भयो ।

सो कार्यक्रममा बधाइ ज्ञापन सहित बैङ्क विकासका सम्वन्धमा, विगतमा बैङ्क व्यवस्थापन र युनियनहरू बीच पटक पटक भएका सम्झौताहरू हालसम्म कार्यान्वयन नभएका विषयहरूबारे, प्रमुख कार्यकारी अधिकृतको नियुक्ति प्रक्रियाबारे, बैङ्कको साधारण सभा सञ्चालन गर्नेबारे, कर्मचारीहरूका समस्याबारे अवगत गराई समाधान पहिल्याउने बारे मिहिन ढङ्गले सौहार्दपूर्ण वातावरणमा छलफल भएको थियो ।

## सम्पादकीय

# विकास र संस्कार

नेपाल सरकारले ल्याएको समृद्धिको नारा आफैमा नराम्रो भने होइन । देशको विकासको लागि आधारभूत आवश्यकताको परिपूर्ति नै समृद्धि हो । समृद्धिसगै जोडिने अर्को महत्वपूर्ण कुरा भनेको सुशासन हो । अहिले नेपाल सरकार समृद्धिको कार्यान्वयन तहमा तदारुकताका साथ लागिपरेको छ । समृद्धिको नारा प्रत्यक्ष परोक्ष सबै निकायमा लागु हुन्छ । त्यसैगरी बैकिङ्ग क्षेत्रमा पनि यसको दायित्व थपेको छ । नेपाल बैङ्कको सन्दर्भमा भन्नुपर्दा नेपाल सरकारले थपेको दायित्व निर्वाह त गर्नै पर्‍यो नै तर बैङ्कको पनि समृद्धि तिर लाग्नु अपरिहार्य छ । माथि भनिएझैं बैङ्क विकासका महत्वपूर्ण पाटाहरू भनेका समृद्धि र सुशासन हो । समय परिवर्तनशिल छ । यस बैङ्क सञ्चालनका क्रममा र विकासका क्रममा धेरै सञ्चालक समितिहरू परिवर्तन भए अनि धेरै कार्यकारी प्रमुख र उच्च व्यवस्थापकहरू परिवर्तन भए । ती सबैले आ-आफ्नो ठाउँबाट महत्वपूर्ण योगदान दिएर गए । इतिहासको कालखण्डमा ती सबैको अवश्य पनि मूल्याङ्कन गरिनुपर्दछ । वर्तमान परिप्रेक्ष्यको सन्दर्भमा चर्चा गर्नुपर्दा एउटा नयाँ जोश र जाँगर लिएर नियुक्ति भएका सञ्चालक समितिका अध्यक्षलगायत सदस्यहरू र कार्यवाहक प्रमुख कार्यकारी अधिकृत लगायत हालका उच्च व्यवस्थापकहरू पनि बैङ्कको समग्र विकासमा नै लागिपर्ने कुरामा दुइमत रहँदैन । तर यहाँ निर चासोको विषय भनेको नेपाल बैङ्कमा एउटा पद्दति बनिसकेको खुल्ला प्रतिस्पर्धाबाट प्रमुख कार्यकारी अधिकृतको नियुक्ति प्रकृयालाई किन अगाडि  बढाइएन ? यसलाई चाडै नै अगाडि बढाई बैङ्कको समग्र विकासलाई अगाडि बढाइने आशा गरेका छौं । बैङ्क विकासकै सन्दर्भमा चर्चा गर्नुपर्दा अर्को महत्वपूर्ण पक्ष भनेको सुशासन र संस्कार हो । बैङ्क विकासका लागि रातदिन नभनी आफ्नो मेहनत र पसिना बगाउँदै आइरहेका कर्मचारीवर्गका आधारभूत आवश्यकतालाई पूरा गर्न सकिएन, तिनीहरूको बृत्ति विकासमा अवरोध आयो वा ऐन कानूनले दिएको अधिकार पनि स्थापित भएन भने पक्कै पनि तिनीहरूमा नैराश्यता जाग्छ र बैंङ्क विकासमा अवरोध खडा हुन्छ । त्यसैगरी केही सिमित वर्गले आफ्नो हिजोको धरातल बिर्सेर कर्मचारीवर्ग माथि थिचोमिचो गर्ने संस्कारको विकास भयो भने बैङ्क विकासमा त्यसले ठूलो धक्का पुऱ्याउँछ । अर्को महत्वपूर्ण कुरा बैङ्कमा सुशासन कायम गर्न नीतिगत व्यवस्थालगायत अन्य व्यवस्था गर्नुपर्ने पनि आवश्यकता रहेको देखिन्छ । व्यवस्थापन र युनियन बीच सुमधुर सम्वन्ध कायम गरी सम्झौता भइसकेका तर कार्यान्वयन हुन बाँकी रहेका मागहरूलाई पूरा गर्न तदारुकताका साथ लागिपरेमा बैङ्क विकास र कर्मचारीवर्गका हकहित कायम भई सबैमा थप उत्साह थपिने अपेक्षा गर्न सकिन्छ । त्यसैगरी यस बैङ्कका शेयरहोल्डरवर्ग र ग्राहकवर्गहरूको सुविधा तथा अन्य सरोकारवालालाई पनि ध्यानमा राखी बैङ्कसंगको सम्वन्धलाई दीगो रूपमा विकास गर्न सकेमा बैङ्क समृद्धि तिर उन्मुख हुनेमा विश्वास गर्न सकिन्छ ।

अन्त्मा,

नव बर्ष २०७७ को अवसरमा सम्पुर्ण नेपालीहरूमा मंगलमय शुभकामना व्यक्त गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं । हाम्रो देशलाई समृद्धिको विकासतिर लम्काऔं ।

# विभिन्न विभागहरू गठन

यस युनियनको मिति २०७५ असोज ५ गतेको सचिवालय बैठकबाट युनियनलाई व्यवस्थितरूपमा सञ्चालन गर्न विभिन्न विभागहरू गठन गरी पदाधिकारी तथा सदस्यहरूलाई जिम्मेवारी बाँडफाँड समेत गरी मिति २०७५ मार्ग १८ गते बसेको पाँचौं केन्द्रीय समितिको बैठकबाट अनुमोदन समेत गरियो ।

१) संगठन विभाग
- संयोजक: महासचिव श्री राजुराम मुनंकर्मी
- सदस्य : वरिष्ठ उपाध्यक्ष श्री सुमन श्रेष्ठ
- सदस्य : उपाध्यक्ष श्री दीपकराज शर्मा
- सदस्य : सचिव श्री राम गोपाल श्रेष्ठ

२) कार्य सम्पादन विभाग
- संयोजक: उपाध्यक्ष श्री दीपकराज शर्मा
- सदस्य : सचिव श्री राम गोपाल श्रेष्ठ
- सदस्य : सचिव श्री सन्तोष श्रेष्ठ
- सदस्य : कोषाध्यक्ष श्री जितेन्द्र खड्का

३) समन्वय तथा प्रचार प्रसार विभाग
- संयोजक: वरिष्ठ उपाध्यक्ष श्री सुमन श्रेष्ठ
- सदस्य : सचिव श्री महेश डंगोल
- सदस्य : सचिव श्री सुन्दर कुमार पाल
- सदस्य : सहकोषाध्यक्ष हरि सुन्दर कुसी
- सदस्य : के.स. श्री श्याम महर्जन
- सदस्य : के.स. श्री विजय जोशी
- सदस्य : के.स. श्री दिपेन्द्र कार्की

४) प्राविधिक विभाग
- संयोजक: सहकोषाध्यक्ष हरि सुन्दर कुसी
- सदस्य : के.स. मदनकृष्ण सैंजु
- सदस्य : के.स. श्री सुदीप दाहाल

५) महिला विभाग
- संयोजक: उपाध्यक्ष श्री अनिता कायष्ठ
- सदस्य : के.स. श्री गंगा गोतामे
- सदस्य : के.स. श्री हसिना पोडे
- सदस्य : के.स. श्री तारा पोडे
- सदस्य : के.स. श्री समा नेपाली
- सदस्य : के.स. सुनयना भूर्तेल
- सदस्य : के.स. श्री मनिका नायजु

६) आर्थिक विभाग
- संयोजक: कोषाध्यक्ष श्री जितेन्द्र खड्का
- सदस्य : सहकोषाध्यक्ष हरि सुन्दर कुसी
- सदस्य : वरिष्ठ उपाध्यक्ष सुमन श्रेष्ठ


बिना शोधभर्ना विरामीलाई स्वस्थ रगत उपलब्ध गराउन शत प्रतिशत स्वयंसेवी रक्तदान अभियानमा सहभागी हुन सम्पूर्ण नेपालीहरुलाई आहवान गर्दै नेपालको राष्ट्रिय रक्तदान अभियानमा सरिक होऔं ।

ब्लड डोनर्स एशोसियशन नेपाल (ब्लोदान) परिवार

# नेपालमा सार्वजनिक आयको स्रोतहरूको वर्तमान अवस्था र स्थिति –सुधारका उपायहरू



गम्भीर बहादुर हाडा
सह-प्राध्यापक, अर्थशास्त्र
भक्तपुर बहुमुखी क्याम्पस

साधारणतया जनताबाट सरकारलाई प्राप्त हुने आयलाई नै हामी सार्वजनिक आय (Public Income or Public Revenue) भन्दछौं । आर्थिक, सामाजिक तथा अन्य प्रकारका आफ्नो कार्यहरूलाई सुचारु रूपले संचालनको लागि प्रत्येक देशको सरकारलाई निकै मात्रामा धनको आवश्यकता हुन्छ जुन चाहि सार्वजनिक आयका विभिन्न साधनहरूद्वारा प्राप्त गरिन्छ । सरकारले विभिन्न साधनहरूबाट जुन आय प्राप्त गर्दछ त्यसलाई सार्वजनिक आय भन्दछन् । आधुनिक कालमा सरकारी क्रियाकलापले देशको आर्थिक र सामाजिक क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको छ । सरकारी क्रियाकलाप आज शान्ति सुरक्षा कायम गर्नु र नियम कानूनको पालन गर्न लगाउनु मात्र रहेको छैन । आर्थिक र सामाजिक क्षेत्रमा सरकारले जति जति जनचेतनाको बृद्धि गर्दै लग्छ यसको वैकल्पिक कामहरू पनि त्यति नै बृद्धि हुादै जान्छन् । वर्तमान युगमा सरकारी कर र खर्च नीतिले निजी वितरण प्रणालीमा समेत पूर्ण रूपमा प्रभाव पारेको छ । कुनै पनि देशमा जे जति कार्यहरू सरकारले गर्नेछ, ती कार्यहरू सञ्चालन गर्नु सरकारले आम्दानी गर्नु पर्दछ । सरकारले जबसम्म आम्दानी गर्न सक्दैन उसले खर्च पनि गर्न सक्दैन । नेपाल एउटा विकासोन्मुख राष्ट्र भएकोले देशको सीमित साधनलाई कसरी प्रभावपूर्ण ढङ्गले सदुपयोग गर्ने अथवा कसरी दक्षतापूर्वक वित्त सञ्चालन गर्ने भन्ने प्रश्न बढी महत्वपूर्ण हुन्छ । देशको आर्थिक विकास गर्न सार्वजनिक वित्तको व्यवस्थापन गर्दा अपनाउनु पर्ने वित्तिय नीतिले बचत गर्ने सामर्थ बृद्धि गराउन, उत्पादनशील क्रियाकलापमा लगानी बढाई राष्ट्रिय आयमा योगदान पुऱ्याउन सकारात्मक भूमिका खेल्नु पर्दछ ।

नेपालमा विकासको पूर्वाधार खडा गरी अत्यावश्यक वस्तुको बढी भन्दा बढी उत्पादन र न्यायोचित वितरण नै आर्थिक विकासको खुड्किलो हो भन्न सकिन्छ । कुनै पनि देश तीव्र आर्थिक विकासको लागि आन्तरिक स्रोतको विकास र परिचालनबाट मात्र देश विकास गर्न सकिन्छ भन्ने कुरा दुईमत हुन सक्दैन । देशमा भएको गरिबी हटाउन, आर्थिक तथा सामाजिक क्षेत्रमा ठूलो स्रोत र बाहय स्रोत पूजी जुटाउने दुई प्रमुख उपाय हुन् । आन्तरिक स्रोतहरू मध्येमा कर पनि एक महत्वपूर्ण स्रोत हो । देशको शान्ति सुरक्षा, प्रशासनिक कार्य तथा विकास कार्यको लागि सरकारलाई बढी रकमको आवश्यकता पर्दछ र यस्तो रकमको बढी परिमाण सरकारले करबाटै प्राप्त गर्दछ । नेपालको राजश्वका मिश्रित दुई स्रोतहरू कर राजश्व र गैह्र कर राजश्वमध्ये स्वभावत कर राजश्वको भूमिका ठूलो रहेता पनि गैह्र कर राजश्वको प्रभाव पनि निकै बढेको छ । जसरी भए पनि राजश्व चुहावटलाई नियन्त्रण हुनुपर्छ ।

सार्वजनिक राजश्वले (Public Finance) कुनै पनि अर्थतन्त्रमा अत्यन्त महत्वपूर्ण भूमिका राख्दछ । सरकारी आम्दानी बृद्धि गर्नुका साथसाथै यस सम्बन्धी नीति तथा कार्यक्रमहरूको माध्यमबाट सामाजिक न्यायको वातावरण तयार पार्नमा समेत राजश्वकै माध्यमबाट सहयोग पुग्दछ । आज सरकारको काम पहिला जस्तै शान्ति सुरक्षा कायम गर्नुमा मात्र सीमित छैन देशको आर्थिक विकास गरी सर्वसाधारण जनताको जीवनस्तर उकास्नको लागि कृषि, उद्योग, यातायात, संचार, शिक्षा, स्वास्थ्य तथा विभिन्न कार्यहरू सम्पादन गर्ने जिम्मेवारी पनि सरकारकै मानिन थालेको छ । अतः आज सरकारको कार्यमा व्यापक बृद्धि हुन गएकोले सार्वजनिक वित्तको महत्व पनि बढ्दै गएको छ । नेपालमा विकास आयोजनाहरू बजेटद्वारा सञ्चालित हुन्छन् । निजी क्षेत्रमा पूजीको अपर्याप्तता रहेको र स्वतन्त्र अर्थनीतिलाई अपनाएर राष्ट्रिय हित अनुरूप साधनहरूको समुचित परिचालन हुन नसक्ने हुादा देशमा राष्ट्रिय हितलाई मध्यनजर गरेर सरकारले आवश्यक वित्तिय नीति (Fiscal Policy) हरूको तर्जुमा गर्दछ र विकास बजेटद्वारा त्यस्ता नीतिहरूको कार्यान्वयन गर्दछ । प्रत्यक्ष, अप्रत्यक्ष कर आदिको माध्यमबाट मानिसको ऋयशक्तिमा समेत सरकारले प्रभाव पारी आर्थिक असमानता, सामाजिक न्याय तथा आर्थिक अनुशासनको वातावरण तयार गर्नमा सहयोग पुऱ्याउादछ ।

**नेपालमा सरकारी आयको वर्गीकरण**

२००८ साल अघि नेपालमा आधुनिक रूपको बजेट व्यवस्था थिए । सरकारी आय र व्ययको हिसाब परम्परागत रूपमा राखिने व्यवस्था थियो । सरकारलाई के कस्तो स्रोतबाट आय प्राप्त हुन्छ भन्ने कुरा जनसमक्ष ल्याइंदैन थियो । २००८ सालमा सर्वप्रथम बजेट प्रकाशित भयो । त्यस बखतदेखि विभिन्न क्षेत्रबाट प्राप्त हुने आयलाई बिभिन्न शीर्षकमा समावेश गरिने व्यवस्थासम्म भएको देखिन्छ । त्यसबखत सरकारी आय भन्सार, अन्तःशुल्क, मालपोत, वन, राजश्व र कर मात्र सरकारी आयका प्रमुख स्रोत थिए । सरकारी आय प्राप्तिको स्रोतहरू सीमित भएकोले आयको वर्गीकरण गर्नु पनि त्यति आवश्यक नदेखिएकोले होला त्यसबखत राजश्वको वर्गीकरण विस्तृत रूपमा गरिएको थिएन । २०१६ सालदेखि सरकारी आयको वर्गीकरण नयाा व्यवस्था शुरु भएको देखिन्छ । त्यसपछि सरकारी आयको स्रोतको विकासको साथसाथै वर्गीकरण पनि बिस्तार हुादै गएको छ । आर्थिक वर्ष २०३३/३४ देखि तत्कालीन श्री ५ को सरकारले राजश्वको वर्गीकरण नयाा रूपमा गरेको छ र सोही वर्गीकरणसम्बन्धी केही चर्चा यहाा गरिएको छ ।

२००७ साल अघि राजश्वलाई दुई भागमा वर्गीकरण गरिएको थियो-लगती राजश्व र हसबली राजश्व । लगती राजश्वमा निश्चित लगत भएको मालपोतको आय समावेश थियो र हसवली राजश्वमा निश्चित लगत नभएको भन्सार, लकडी बिक्रीको आय समावेश थियो ।

हाल पनि तत्कालीन श्री ५ को सरकारलाई विभिन्न स्रोतबाट हुने राजश्वलाई मुख्य रूपले दुई भागमा बााडिएको छ ।पहिलो कर राजश्व रअर्को गैर कर राजश्व हो ।वैदेशिक सहायता र ऋण रकमबाट प्राप्त हुनेआयलाई राजश्वमा समावेश गरिएको छैन । कर राजश्व तथा गैर कर राजश्वलाई विभिन्न शीर्षक तथा उपशीर्षकमापुनःविभाजन गरिएकोछ ।नेपाल सरकारले विभिन्न सरकारी कार्य सञ्चालन गर्नका लागि विभिन्न स्रोतबाट आय आर्जन गर्दछ ।यसलाई राजश्व भनिन्छ ।सरकारको राजश्व स्रोतलाई कर राजश्व (Tax Revenue) र गैह्र कर राजश्व (Non-Tax Revenue) गरी दुई भागमा विभाजन गर्न सकिन्छ । नेपाल सरकारको आम्दानीको प्रमुख स्रोत राजश्व हो ।तरराजश्वकोआम्दानीबाट देशकोसम्पूर्ण खर्चपूर्ति गर्न नसकिएकोले नेपालले प्रत्येक वर्ष घाटाको बजेट (Deficit Financing) अपनाउनु परेकोछ ।योघाटापूरा गर्नको लागि सरकारले राजश्व लगायत विभिन्न स्रोतहरूबाट पनि आम्दानी प्राप्त गरेको हुन्छ ।

नेपालमा राष्ट्रिय लेखाको विवेचना गर्दा कुल गार्हस्थ उत्पादनलाई मात्र आधार मान्ने चलन छ । विगत एक दशक यता नेपालकोराष्ट्रियअर्थतन्त्रमा विप्रेषणआप्रवाह निरन्तररूपमा बढिरहेको छ ।तसर्थ, नेपाली जनताको खर्चयोग्य आम्दानी कुल गार्हस्थ उत्पादनभन्दाबढीहुन्छ ।नेपालीलेमुलुकभित्र कमाएकोआयमाविदेशबाटकमाएकोखुदआय जोड्दा हुने योगलाई कूल राष्ट्रिय खर्चयोग्य आम्दानी भनिन्छ ।

भन्सार महसुल, अन्तशुल्क, मालपोत तथा रजिष्ट्रेशन, आयका नाफा कर, सम्पत्ति कर, विक्री कर र अरु करहरूबाट प्राप्त आम्दानीलाई कर राजश्व (Tax Revenue) भनिन्छ ।यस्तै किसिमले सरकारी सेवा तथा वस्तुहरूको विक्रीबाट प्राप्त आम्दानी, साावा, ब्याज तथा लाभांश, रोयल्टी तथा सरकारी सम्पत्ति विक्रीबाट प्राप्त आम्दानी, टकमरी वा टक्सारबाट प्राप्त अन्य आम्दानी दस्तुर दण्ड जरिवाना, जफत तथा अन्य वित्तिय क्षेत्रबाट प्राप्त हुनआएकोआम्दानीलाइ गैह्र कर राजश्व (Non-Tax Revenue) भनिन्छ ।

सार्वजनिकआयकोसबैभन्दाठूलोश्रोत करहो ।करभनेकोसरकारलेसार्वजनिकहितको निम्ति प्रशासनका आवश्यक खर्चहरू पुरा गर्न आफ्ना नागरिकबाट संकलन गर्ने अनिवार्य योगदान हो । सरकारलाई करको भुक्तानी गरेवापत प्रत्यक्षरूपमा करदाताले सरकारबाट केही प्रतिफल पाउादैन तर सामुहिकरूपमा भने समाजले फाइदा प्राप्त गरिरहेको हुन्छ । आयकर, सम्पत्ति कर, होटेल कर, हवाईजडाज करआदि प्रत्यक्षकरकाउदाहरणहुन् ।करलाई आय श्रोत मात्र नमानी राष्ट्रिय आयको समान वितरण गराउने र मुद्रास्फीति नियन्त्रण गर्ने महत्वपूर्ण वित्तीय हतियारको रूपमा प्रयोग गरिन्छ ।करबाट राष्ट्रको उत्पादन, उपभोग र आयको वितरणमा समेत प्रभाव पर्ने ह्याुदा सरकारले ठोस कर नीति अपनाउनु अत्यन्त आवश्यक हुन्छ ।

व्यापार खाता घाटा वढ्दै गएको र सेवा खाता घाटा समेत थप वढेकोले चालु खाता घाटामा रहेको हो ।विदेशमा काम गर्ने नेपालीहरूलेपठाएकोविप्रेषणआप्रवाहमा वृद्धि हुने क्रम जारी रहेतापनि व्यापार घाटा र खुद सेवा खाता घाटा पूर्ति गर्ने सो पर्याप्त नभएकोले चालू खाता घाटामा रहेको हो । औद्योगिकक्षेत्रमाअसहज परिस्थिति विद्यमान रहेको,विद्युतलोडसेडिङ्गकोअवस्थारहेको,तेल आपूर्ति गर्न सहज नरहेकोले नेपाली निर्यातको प्रतिस्पर्धात्मक क्षमतामा कमी आएको छ । यसको साथै भारतले कच्चा पर्दाथको आयातको भन्सार दर क्रमश कटौति गर्दै लगेको र केहि नेपाली वस्तु आयातमा अझै ४ प्रतिशत अतिरिक्त भन्सार दर लगाईराखेकोले भारततर्फकोनेपालीवस्तुहरूकोप्रतिस्पर्धात्मक क्षमतामा कमीआएकोहो ।यीसबैकारणहरूले गर्दा भारततर्फ र अन्य मुलुकतर्फको नेपाली आयातमा कमी आएको हो ।वित्तिय खातातर्फ नेपाली आर्यातमा प्राप्त हुने व्यापार कर्जामा पनि कमी आएकोले समीक्षा अवधिमा शोधनान्तर स्थिति घाटामा गएको हो ।

आर्थिक वर्ष २०७४ /२०७५ को प्रथम आठ महिनामा रू ३ खर्ब ८७ अर्ब ४२ करोड कर राजश्व र रू ४३ अर्ब १७ करोड गैरकर राजश्व गरी जम्मा रू ४ खर्ब ३० अर्ब ५८ करोड राजश्व परिचालन भएको छ । आर्थिक वर्ष २०७३/ २०७४ को सोही अवधिमा कर राजश्व रू ३ खर्ब २६ अर्ब ७६ करोड र गैरकर राजश्व रू २४ अर्ब १५ करोड गरी राजश्व परिचालन रू ३ खर्ब ५३ अर्ब ६१ करोड रहेको थियो ।

चालु आर्थिक वर्षको प्रथम आठ महिनामा कुल राजश्व परिचालन गत वर्षको सोही अवधिको ५३.२ प्रतिशत वृद्धिको तुलनामा २१.७ प्रतिशतले वृद्धि भएको छ ।आर्थिक वर्ष २०७३ /२०७४ मा राजश्व परिचालन आर्थिक वर्ष २०७२/२०७३ को तुलनामा २६.४ प्रतिशतले वृद्धिभई रू ६ खर्ब ६ अर्ब १८ करोड रह्यो ।

आर्थिक वर्ष २०७४/२०७५ को प्रथम आठ महिनामा कुल राजश्वमा कर राजश्व र गैरकर राजश्वको योगदान क्रमशः ९० प्रतिशत र १० प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा यस्तो योगदान ९३.२ प्रतिशत र ६.८ प्रतिशत रहेको थियो ।पछिल्लो ५ वर्षमा कुल राजश्वमा कर राजश्व र गैरकर राजश्वको योगदान क्रमश : वार्षिक औसत ८८.२ प्रतिशत र ११.८ प्रतिशत छ । आर्थिक वर्ष २०६९/२०७० मा कुल राजश्व परिचालनमा प्रत्यक्ष करको योगदान २५.६ प्रतिशत रहेकोमा गत वर्ष सो योगदानमा वृद्धिभई २८.६ प्रतिशत पुगेको छ । विगत ५ वर्षको अवधिमा कुल राजश्व परिचालनमा प्रत्यक्ष करको योगदान वार्षिक औसत २६.८ प्रतिशत पुगेको छ । पछिल्लो ५ वर्षमा कुल गार्हस्थ उत्पादनमा गैरकर राजश्वको अनुपात भने वार्षिक औसत २.३ प्रतिशत मात्र रहेको छ ।राजश्व संरचनामा मूल्य अभिबृद्धि करको अंश सबैभन्दा उच्च देखिएको छ छ भने त्यसपछि आयकर र भन्सार महशुल रहेको छ । कुल राजश्वमा गैरकरको अंश १० प्रतिशत मात्र रहेको छ ।विगत ५ वर्षमा कुल गार्हस्थ उत्पादनमा मूल्य अभिबृद्धि करको अनुपात सबैभन्दा बढी रहेको छ । त्यसैगरी कुल गार्हस्थ उत्पादनमा आयकरको अनुपात पनि बढदै गएकोछ ।चालुआर्थिक वर्षकोआठ महिनामा कूल राजश्व परिचालनमा मूल्य अभिबृद्धि करको अंश उच्च रहेको छ । यस अवधिमा आयकर परिचालन न्यून देखिएपनि चैत्र र असार महिनाको आयकर परिचालन उच्च हुने प्रवृति रहेकोले चालु आर्थिक वर्षको पूर्णअवधिमाराजश्वपरिचालनमाआयकरको अंश बढन जाने देखिन्छ ।

राजश्वको महत्वपूर्ण अंश आयात व्यापारमा आधारित हुनु, राजश्वमा प्रत्यक्ष करको योगदान कम हुनु, राजश्व प्रशासन सूचना प्रविधि-मैत्री नहुनु, राजश्व प्रशासन पारदर्शी नहुनु, राजश्वको दायरा फराकिलो बनाउादै लगिए पनि अपेक्षित मात्रामा राजश्व संकलनहुननसक्नु,राजश्वचुहावटनियन्त्रणको

काम अझै प्रभावकारी रूपमा हुन नसक्नु, कर नीतिलाई स्थिर र अनुमानयोग्य (Stable and Predictable) बनाउन पर्याप्त अभ्यास हुन नसक्नु, करको दायरामा नआउने वा आएर पनि न्यून सहभागिता जनाउने वा कर दायित्व पालना नगर्ने माथि कानुन बमोजिम समुचित अनुसन्धान र कारवाही हुन नसक्नु र कर सहभागिता जनाउनेलाई प्रभावकारी प्रोत्साहन दिन नसकिनु आदि प्रमुख समस्याका रूपमा रहेका छन् ।

**चौधौं योजना २०७३/२०७४-२०७५/२०७७ राजश्व**

**सोच**

आन्तरिक स्रोतको परिचालनबाट वित्तीय सबलीकरण र आर्थिक स्थायित्व ।

**लक्ष्य**

सार्वजनिक वित्त संरचनामा मूल्य अभिवृद्धि कर, आयकर र अन्तःशुल्क लगायतका आन्तरिक राजश्वको योगदान बढाई सार्वजनिक विकास खर्चको ठूलो हिस्सा राजश्व बचतबाट पूर्ति गर्ने ।

**उद्देश्य**

स्वच्छ, तटस्थ एवम् पारदर्शी कर प्रणालीको विकास र स्वेच्छिक कर सहभागिताबाट कूल गार्हस्थ उत्पादनसाग कर राजश्वको अनुपात बढाउादै सङ्घीय संरचना अनुसारको राजश्व संरचनाको निर्माण गर्नु ।

**रणनीति**

१ सङ्घीय वित्तलाई आर्थिक समृद्धिको मार्गचित्र बनाउने ।
२. राष्ट्रिय कराधारको संरक्षण गरी करका आधार र दायरा विस्तार गर्ने ।
३. करका दरहरूलाई प्रतिस्पर्धी एवम् समन्यायिक बनाउने ।
४. सङ्घीय संरचना अनुकूल कर तथा गैरकरका क्षेत्रहरूको पुनरावलोकन तथा बााडफााड गर्ने ।

बेरुजु फछ्र्यौट गरी आर्थिक अनुशासन पालना गराउनुमा मन्त्रालयहरू बढी सक्रिय भइरहनुपर्दछ । त्यसको लागि मन्त्रालयहरूले आफ्नो मातहत कार्यालयका बेरुजु रकम हिनामिना वैदेशिक स्रोत र साधनको स्थिति आर्थिक नियमहरूको उल्लंघन उनीहरूले दिनुपर्ने विवरणहरू र स्पष्टीकरण आदि दिए नदिएको बारे जानकारी प्राप्त गरी कारबाही गर्नगराउनुपर्दछ । अर्को कुरा मन्त्रालयहरूलाई यस्तो जानकारी उपलब्ध गराउनु पर्दछ कि साधनको रूपमा जिल्लास्तरीय कोष त था लेखा नियन्त्रक कार्यालयहरूलाई सुदृढ र व्यवस्थित गर्नुपर्दछ र यसका लागि सम्बन्धित ऐन नियममा पनि आवश्यक व्यवस्था गरिनु पर्दछ ।

बेरुजु दुई किसिमबाट हटाउन सकिन्छ । एक निरोधात्मक उपायबाट र अर्को उपचारात्मक उपायबाट । दुई उपायमध्ये बेरुजु आउनै नदिने उपायको अवलम्बन गर्नु जरुरी देखिन्छ । निरोधात्मक उपायहरूमा आन्तरिक नियन्त्रण प्रणाली मजबुत बनाउने, आन्तरिक लेखा परीक्षण प्रतिवेदनउपर तत्काल अनुगमन र कारबाही गर्नु, लेखा र कारोबारको पुनरावलोकन छुट्टै निकायबाट गराउनु, आवश्यक कागजात, प्रमाण, निर्णय स्वीकृति अनुमोदन, समयमै गराई भौचर साथ श्रेस्तामा राखिनु पर्दछ ।

उपचारात्मक उपायहरूमा बेरुजु प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सो उपर कारबाही गरी प्रमाण कागजात उपलब्ध गराई दिने, असुल उपर हुनुपर्ने असुल दाखिला गराई सम्परीक्षण गराउने, निर्णय, अनुमोदन स्वीकृत गराउन पर्ने भए गराई लेखा परीक्षण गराउने गर्नुपर्दछ । सरुवा बढुवा गर्दा बेरुजु फछ्र्यौट गराई मात्र गर्ने र आर्थिक नियमितता पालन गरेको आधारमा कार्य सम्पादन गर्ने व्यवस्था हुनु पर्छ ।

लगानी र बचतको बीचमा सन्तुलन कायम राख्दै उत्पादनशील क्षेत्रमा सार्वजनिक खर्चको विवेकपूर्ण व्यवस्थापन गर्नु राज्यको दायित्व हो । विगत वर्षहरूका तुलनामा राजश्व संकलनमा बृद्धि ह्यादै आए तापनि अझै पनि चालु खर्च प्रक्षेपित लक्ष्य भन्दा निकै बढी छ र पूजीगत खर्चको अनुपात निकै कम रहेको अवस्था छ । उच्च मूल्यवृद्धि, न्यून आर्थिक बृद्धि, ह्रासोन्मुख उत्पादकत्व, बढ्दो बेरोजगारी, लगानीको असहज वातावरण, असमान विकास, जलवायु परिवर्तन, अतिवृष्टि अनावृष्टि लगायतका समस्याहरू रहेका छन् । साधन उपयोगमा प्राथमिकीकरणको अभाव, कमजोर बजेट कार्यान्वयन तथा आयोजना व्यवस्थापन, सार्वजनिक संस्थानको कमजोर कार्यसम्पादन, उर्जा संकट, अपर्याप्त भौतिक तथा आर्थिक पूर्वाधार, गरिबी, असमानता र विभेदपूर्ण व्यवहार तथा प्रचलन आदि चुनौतिहरू रहेका छन् ।

राजश्व प्रशासनमा सुधार तथा चुहावटतर्फ राजश्व प्रशासनलाई स्वायत्त र प्रभावकारी बनाउन केन्द्रिय राजश्व बोर्डको गठन गर्ने । राजश्व तथा सम्पत्ति सुद्धीकरण अनुसन्धान विभागको गठन गर्ने प्रक्रिया अगाडि बढाईएको छ । मुलुकको अर्थतन्त्र गतिशील अवस्थामा छ ।

राजनैतिक तरलताले अर्थतन्त्रको विकासमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रतिकुल असर परेको छ । तथापि मुलुकले अवलम्बन गरेको खुल्ला र उदार आर्थिक नीतिको कारण निजी क्षेत्र थप क्रियाशील भै आन्तरिक एवं बाह्य लगानी भित्र्याउन प्रयासरत रहेको अवस्था छ । विगत केही वर्षमा राजश्वमा भएको उत्साहजनक वृद्धि र सार्वजनिक खर्च व्यवस्थापनको प्रभावकारी कार्यान्वयनले आर्थिक तथा वित्तीय स्थिरता कायम भएको छ ।

कूल गार्हस्थ उत्पादनको अनुपातमा कूल सरकारी खर्चमा गिरावट देखिए तापनि साधारण खर्चको अनुपातमा बृद्धि तर विकास खर्चको अनुपातमा ह्रास र राजश्वको अनुपात स्थिर रहेको छ । साधनको उत्पादनशील उपयोग र बृहत अर्थतन्त्रको सुधारको दिशामा सकारात्मक चेक नभएकोले सरकारी वित्तको क्षेत्रमा सुदृढीकरण र सन्तुलन ल्याउने र सोको अनुगमन गर्ने कार्य नितान्त चुनौतीपूर्ण कार्यको रूपमा विद्यमान छ । देशमा लगानी र बचतबीचको खाडल फराकिलो बन्नुमा सरकारी क्षेत्रमा रहेको आय र खर्चको बीचको ठूलो अन्तर प्रमुख रूपमा जिम्मेवार रहेको छ ।

राजश्व कुल ग्रार्हस्थ उत्पादन अनुपातलाई प्रत्येक वर्ष ०.५ प्रतिशत विन्दुको दरले बढाउादै लग्ने लक्ष्य अनरूप राजश्व परिचालनमा सुधार र सुदृढीकरण गर्दा राजश्वको आधार फराकिलो, पारदर्शी र वैज्ञानिक बनाउनुपर्ने आवश्यकता रहेको देखिन आउाछ । साधारण र विकास खर्चको परिमाण बढ्दो र राजश्वको परिचालनको प्रवृत्ति अपेक्षा गरेअनुरूप सुधार हुन नसक्नु सार्वजनिक क्षेत्रका स्रोत र साधन व्यवस्थासम्बन्धि प्रमुख चुनौतीहरू हुन् ।

*बाँकी पृष्ठ ८ मा...*

**यस बुलेटिनको लागि उपयुक्त लेख रचना तलको ई-मेलमा पठाइदिनुहुन अनुरोध छ ।**
**nebeu.sandesh@gmail.com**
**प्रकाशित लेख रचनाको लागि पारिश्रमिकको पनि व्यवस्था गरिएको छ ।**

## a}zfv

ने.सं ११४०
चौलागा:/बछलाध्व/बछलागा:

Arpil/May 2020

| आइत/SUN | सोम/MON | मंगल/TUE | बुध/WED | बिही/THU | शुक्र/FRI | शनि/SAT |
|---|---|---|---|---|---|---|
| | षष्ठी १ (13) | सप्तमी २ (14) | अष्टमी ३ (15) | नवमी ४ (16) | दशमी ५ (17) | एकादशी ६ (18) |
| द्वादशी ७ (19) | त्रयोदशी ८ (20) | चतुर्दशी ९ (21) | चतुर्दशी १० (22) | औंशी ११ (23) | प्रतिपदा १२ (24) | द्वितीया १३ (25) |
| तृतीया १४ (26) | चतुर्थी १५ (27) | पञ्चमी १६ (28) | षष्ठी १७ (29) | सप्तमी १८ (30) | अष्टमी १९ (May 1) | नवमी २० (2) |
| एकादशी २१ (3) | द्वादशी २२ (4) | त्रयोदशी २३ (5) | चतुर्दशी २४ (6) | पूर्णिमा २५ (7) | प्रतिपदा २६ (8) | द्वितीया २७ (9) |
| तृतीया २८ (10) | चतुर्थी २९ (11) | पञ्चमी ३० (12) | षष्ठी ३१ (13) | | | |

१ गते नव वर्षारम्भ, ११ गते लोकतन्त्र दिवस/आमाको मुख हेर्ने, १९ गते मजदुर दिवस, २५ गते बुद्ध जयन्ति/चण्डी पूर्णिमा उभौली पर्व

## Ho]i7

ने.सं ११४०
बछलागा:/अनलाध्व/अनलागा:/तछलाध्व

May/June 2020

| आइत/SUN | सोम/MON | मंगल/TUE | बुध/WED | बिही/THU | शुक्र/FRI | शनि/SAT |
|---|---|---|---|---|---|---|
| नवमी ३२ (14) | | | | सप्तमी १ (14) | अष्टमी २ (15) | नवमी ३ (16) |
| दशमी ४ (17) | एकादशी ५ (18) | द्वादशी ६ (19) | त्रयोदशी ७ (20) | चतुर्दशी ८ (21) | औंशी ९ (22) | प्रतिपदा १० (23) |
| द्वितीया ११ (24) | तृतीया १२ (25) | चतुर्थी १३ (26) | पञ्चमी १४ (27) | षष्ठी १५ (28) | सप्तमी १६ (29) | अष्टमी १७ (30) |
| नवमी १८ (31) | दशमी १९ (June 1) | एकादशी २० (2) | द्वादशी २१ (3) | त्रयोदशी २२ (4) | पूर्णिमा २३ (5) | प्रतिपदा २४ (6) |
| द्वितीया २५ (7) | तृतीया २६ (8) | चतुर्थी २७ (9) | पञ्चमी २८ (10) | षष्ठी २९ (11) | सप्तमी ३० (12) | अष्टमी ३१ (13) |

१५ गते गणतन्त्र दिवस/सिठि नखः

## cfiff9

ने.सं ११४०
तछलाध्व/तछलागा:/दिल्लाध्व

June/July 2020

| आइत/SUN | सोम/MON | मंगल/TUE | बुध/WED | बिही/THU | शुक्र/FRI | शनि/SAT |
|---|---|---|---|---|---|---|
| | दशमी १ (15) | दशमी २ (16) | एकादशी ३ (17) | द्वादशी ४ (18) | त्रयोदशी ५ (19) | चतुर्दशी ६ (20) |
| औंशी ७ (21) | प्रतिपदा ८ (22) | द्वितीया ९ (23) | तृतीया १० (24) | चतुर्थी ११ (25) | पञ्चमी १२ (26) | सप्तमी १३ (27) |
| अष्टमी १४ (28) | नवमी १५ (29) | दशमी १६ (30) | एकादशी १७ (July1) | द्वादशी १८ (2) | त्रयोदशी १९ (3) | चतुर्दशी २० (4) |
| पूर्णिमा २१ (5) | प्रतिपदा २२ (6) | द्वितीया २३ (7) | तृतीया २४ (8) | चतुर्थी २५ (9) | पञ्चमी २६ (10) | षष्ठी २७ (11) |
| सप्तमी २८ (12) | अष्टमी २९ (13) | नवमी ३० (14) | दशमी ३१ (15) | | | |

१५ गते रोपाई दिवस (दही च्यूरा खाने), २० गते अन्तर्राष्ट्रिय सहकारी दिवस, २१ गते गुरु पूर्णिमा, २९ गते भानु जयन्ती

## >fjOf

ने.सं ११४०
दिल्लाध्व/दिल्लागा:/गुँलाध्व

July/August 2020

| आइत/SUN | सोम/MON | मंगल/TUE | बुध/WED | बिही/THU | शुक्र/FRI | शनि/SAT |
|---|---|---|---|---|---|---|
| द्वादशी ३२ (16) | | | | एकादशी १ (16) | द्वादशी २ (17) | त्रयोदशी ३ (18) |
| चतुर्दशी ४ (19) | औंशी ५ (20) | प्रतिपदा ६ (21) | द्वितीया ७ (22) | तृतीया ८ (23) | चतुर्थी ९ (24) | पञ्चमी १० (25) |
| षष्ठी ११ (26) | सप्तमी १२ (27) | नवमी १३ (28) | दशमी १४ (29) | एकादशी १५ (30) | द्वादशी १६ (31) | त्रयोदशी १७ (Aug. 1) |
| चतुर्दशी १८ (2) | जनै पूर्णिमा १९ (3) | प्रतिपदा २० (4) | द्वितीया २१ (5) | तृतीया २२ (6) | चतुर्थी २३ (7) | पञ्चमी २४ (8) |
| षष्ठी २५ (9) | सप्तमी २६ (10) | सप्तमी २७ (11) | अष्टमी २८ (12) | नवमी २९ (13) | दशमी ३० (14) | एकादशी ३१ (15) |

४ गते घण्टाकर्ण (गठामुगः चन्हे), ६ गते गुला धर्मारम्भ, १० गते नाग पञ्चमी, १५ गते खीर खाने दिन, १९ गते जनै पूर्णिमा, २० गते गाईजात्रा (उपत्यका विदा), २७ गते श्रीकृष्ण जन्माष्टमी

## efb|

ने.सं ११४०
गुँलाध्व/गुँलागा:/ञलाध्व

August/September 2020

| आइत/SUN | सोम/MON | मंगल/TUE | बुध/WED | बिही/THU | शुक्र/FRI | शनि/SAT |
|---|---|---|---|---|---|---|
| | त्रयोदशी १ (17) | चतुर्दशी २ (18) | कुशे औंशी ३ (19) | प्रतिपदा ४ (20) | तृतीया ५ (21) | चतुर्थी ६ (22) |
| पञ्चमी ७ (23) | षष्ठी ८ (24) | सप्तमी ९ (25) | अष्टमी १० (26) | नवमी ११ (27) | दशमी १२ (28) | एकादशी १३ (29) |
| द्वादशी १४ (30) | त्रयोदशी १५ (31) | चतुर्दशी १६ (Sep. 1) | पूर्णिमा १७ (2) | प्रतिपदा १८ (3) | द्वितीया १९ (4) | तृतीया २० (5) |
| चतुर्थी २१ (6) | पञ्चमी २२ (7) | षष्ठी २३ (8) | सप्तमी २४ (9) | अष्टमी २५ (10) | नवमी २६ (11) | दशमी २७ (12) |
| एकादशी २८ (13) | द्वादशी २९ (14) | त्रयोदशी ३० (15) | चतुर्दशी ३१ (16) | | | |

३ गते गोकर्ण औंशी, बुबाको मुख हेर्ने, ४ गते दर खाने/गुँला धर्म समाप्ति, ५ गते हरितालिका तीज (महिला विदा), ६ गते चथाः, ७ गते ऋषि पञ्चमी, १० गते गौरा पर्व १६ गते इन्द्रजात्रा (उपत्यका विदा), १७ गते सोह्रश्राद्ध आरम्भ, २२ गते निजामती सेवा दिवस,२५ गते जितिया पर्व (जितिया पर्व मनाउने महिला कर्मचारीलाई विदा), २९ गते बाल दिवस।

## cflZjg

ने.सं ११४०
ञलाध्व/ञलागा:/कौलाध्व

September/October 2020

| आइत/SUN | सोम/MON | मंगल/TUE | बुध/WED | बिही/THU | शुक्र/FRI | शनि/SAT |
|---|---|---|---|---|---|---|
| | | | | औंशी १ (17) | प्रतिपदा २ (18) | द्वितीया ३ (19) |
| तृतीया ४ (20) | चतुर्थी ५ (21) | षष्ठी ६ (22) | सप्तमी ७ (23) | अष्टमी ८ (24) | नवमी ९ (25) | दशमी १० (26) |
| एकादशी ११ (27) | द्वादशी १२ (28) | त्रयोदशी १३ (29) | चतुर्दशी १४ (30) | पूर्णिमा १५ (Oct. 1) | प्रतिपदा १६ (2) | द्वितीया १७ (3) |
| तृतीया १८ (4) | तृतीया १९ (5) | चतुर्थी २० (6) | पञ्चमी २१ (7) | षष्ठी २२ (8) | सप्तमी २३ (9) | अष्टमी २४ (10) |
| नवमी २५ (11) | दशमी २६ (12) | एकादशी २७ (13) | द्वादशी २८ (14) | त्रयोदशी २९ (15) | औंशी ३० (16) | |

१ गते विश्वकर्मा पुजा/सोह्रश्राद्ध समाप्ति, २ गते अधिकमास आरम्भ/मत्स्य नारायण मेला आरम्भ, ३ गते संविधान दिवस, ३० गते अधिकमास समाप्ति/मत्स्य नारायण मेला समाप्ति

*सार्वजनिक विदाहरू नेपाल बैङ्कको सर्कुलर बमोजिम

ने.सं ११४०/११४१
कौलाथ्व/कौलागा:/कछलाथ्व

## sflt{s

October/November 2020

| आइत/SUN | सोम/MON | मंगल/TUE | बुध/WED | बिही/THU | शुक्र/FRI | शनि/SAT |
|---|---|---|---|---|---|---|
| औंशी ३० 15 | | | | | | प्रतिपदा १ 17 |
| द्वितीया २ 18 | तृतीया ३ 19 | चतुर्थी ४ 20 | पञ्चमी ५ 21 | षष्ठी ६ 22 | सप्तमी ७ 23 | अष्टमी ८ 24 |
| नवमी ९ 25 | दशमी १० 26 | एकादशी ११ 27 | द्वादशी १२ 28 | त्रयोदशी १३ 29 | चतुर्दशी १४ 30 | पूर्णिमा १५ 31 |
| प्रतिपदा १६ Nov.1 | द्वितीया १७ 2 | तृतीया १८ 3 | चतुर्थी १९ 4 | पञ्चमी २० 5 | षष्ठी २१ 6 | सप्तमी २२ 7 |
| अष्टमी २३ 8 | नवमी २४ 9 | दशमी २५ 10 | एकादशी २६ 11 | द्वादशी २७ 12 | त्रयोदशी २८ 13 | चतुर्दशी २९ 14 |

१ गते घटस्थापना, ७ गते फूलपाती, ८ गते महाअष्टमी, ९ गते महानवमी, १० गते विजया दशमी (टिका), ११ गते एकादशी, १४ गते कोजग्रत पूर्णिमा, २५ गते फाल्गुनन्द जयन्ती (किरात धर्मावलम्वीहरूलाई विदा), २८ गते काग तिहार/यम पञ्चक आरम्भ, २९ गते कुकुर तिहार/लक्ष्मी पूजा, ३० गते गाई, गोरु पुजा, म्ह: पूजा

ने.सं ११४१
बछलाथ्व/कछलागा:/थिंलाथ्व

## d+l;/

November/December 2020

| आइत/SUN | सोम/MON | मंगल/TUE | बुध/WED | बिही/THU | शुक्र/FRI | शनि/SAT |
|---|---|---|---|---|---|---|
| | प्रतिपदा १ 16 | द्वितीया २ 17 | चतुर्थी ३ 18 | पञ्चमी ४ 19 | षष्ठी ५ 20 | सप्तमी ६ 21 |
| अष्टमी ७ 22 | नवमी ८ 23 | दशमी ९ 24 | एकादशी १० 25 | द्वादशी ११ 26 | द्वादशी १२ 27 | त्रयोदशी १३ 28 |
| चतुर्दशी १४ 29 | पूर्णिमा १५ 30 | प्रतिपदा १६ Dec. 1 | द्वितीया १७ 2 | तृतीया १८ 3 | चतुर्थी १९ 4 | पञ्चमी २० 5 |
| षष्ठी २१ 6 | सप्तमी २२ 7 | अष्टमी २३ 8 | नवमी २४ 9 | दशमी २५ 10 | एकादशी २६ 11 | त्रयोदशी २७ 12 |
| चतुर्दशी २८ 13 | औंशी २९ 14 | प्रतिपदा ३० 15 | | | | |

१ गते भाइटिका/ने.सं. ११४१ आरम्भ, ५ गते छठ पर्व, १५ गते सकिमना पुन्ही/गुरु नानक जयन्ती (शिख धर्मावलम्वीहरूलाई विदा), १८ गते अपांग दिवस (अपांगता भएका कर्मचारीलाई विदा), २५ गते मानवाधिकार दिवस, २८ गते बाला चतुर्दशी/सत्बीज छर्ने

ने.सं ११४१
थिंलाथ्व/थिंलागा:/पोहेंलाथ्व

## kf}if

December 2020
January 2021

| आइत/SUN | सोम/MON | मंगल/TUE | बुध/WED | बिही/THU | शुक्र/FRI | शनि/SAT |
|---|---|---|---|---|---|---|
| | | | द्वितीया १ 16 | तृतीया २ 17 | चतुर्थी ३ 18 | पञ्चमी ४ 19 |
| षष्ठी ५ 20 | सप्तमी ६ 21 | अष्टमी ७ 22 | नवमी ८ 23 | दशमी ९ 24 | एकादशी १० 25 | द्वादशी ११ 26 |
| त्रयोदशी १२ 27 | चतुर्दशी १३ 28 | चतुर्दश १४ 29 | पूर्णिमा १५ 30 | प्रतिपदा १६ 31 | द्वितीया १७ 2021 Jan.1 | तृतीया १८ 2 |
| चतुर्थी १९ 3 | षष्ठी २० 4 | सप्तमी २१ 5 | अष्टमी २२ 6 | नवमी २३ 7 | दशमी २४ 8 | एकादशी २५ 9 |
| द्वादशी २६ 10 | त्रयोदशी २७ 11 | चतुर्दशी २८ 12 | औंशी २९ 13 | | | |

१० गते क्रिसमस डे (इसाई धर्मावलम्वीलाई विदा), १५ गते धान्य पूर्णिमा/योमरी पुन्ही/उधौली पर्व/ज्यापु दिवस/तमु ल्होसार, २७ गते राष्ट्रिय एकता दिवस

ने.सं ११४१
पोहेंलाथ्व/पोहेंलागा:/शिल्लाथ्व

## df3

January/February 2020

| आइत/SUN | सोम/MON | मंगल/TUE | बुध/WED | बिही/THU | शुक्र/FRI | शनि/SAT |
|---|---|---|---|---|---|---|
| | | | | प्रतिपदा १ 14 | द्वितीया २ 15 | तृतीया ३ 16 |
| चतुर्थी ४ 17 | पञ्चमी ५ 18 | षष्ठी ६ 19 | सप्तमी ७ 20 | अष्टमी ८ 21 | नवमी ९ 22 | दशमी १० 23 |
| एकादशी ११ 24 | द्वादशी १२ 25 | त्रयोदशी १३ 26 | चतुर्दशी १४ 27 | पूर्णिमा १५ 28 | प्रतिपदा १६ 29 | द्वितीया १७ 30 |
| तृतीया १८ 31 | चतुर्थी १९ Feb. 1 | पञ्चमी २० 2 | षष्ठी २१ 3 | सप्तमी २२ 4 | अष्टमी २३ 5 | नवमी २४ 6 |
| एकादशी २५ 7 | द्वादशी २६ 8 | त्रयोदशी २७ 9 | चतुर्दशी २८ 10 | औंशी २९ 11 | प्रतिपदा ३० 12 | |

१ गते माघे संक्रान्ती/माघी पर्व/तोल ल्होसार, १५ गते श्री स्वस्थानी व्रतारम्भ, १६ गते शहीद दिवस, ३० गते सोनम ल्होसार

ने.सं ११४१
शिल्लाथ्व/शिल्लागा:/चिल्लाथ्व

## kmfNu'0f

February/March 2021

| आइत/SUN | सोम/MON | मंगल/TUE | बुध/WED | बिही/THU | शुक्र/FRI | शनि/SAT |
|---|---|---|---|---|---|---|
| | | | | | | द्वितीया १ 13 |
| तृतीया २ 14 | चतुर्थी ३ 15 | पञ्चमी ४ 16 | षष्ठी ५ 17 | षष्ठी ६ 18 | सप्तमी ७ 19 | अष्टमी ८ 20 |
| नवमी ९ 21 | दशमी १० 22 | एकादशी ११ 23 | द्वादशी १२ 24 | त्रयोदशी १३ 25 | चतुर्दशी १४ 26 | पूर्णिमा १५ 27 |
| प्रतिपदा १६ 28 | द्वितीया १७ Mar1 | तृतीया १८ 2 | चतुर्थी १९ 3 | षष्ठी २० 4 | सप्तमी २१ 5 | अष्टमी २२ 6 |
| नवमी २३ 7 | दशमी २४ 8 | एकादशी २५ 9 | द्वादशी २६ 10 | त्रयोदशी २७ 11 | चतुर्दशी २८ 12 | औंशी २९ 13 |

४ गते वसन्त पञ्चमी, (शिक्षण संस्था विदा), ७ गते प्रजातन्त्र दिवस, १५ गते श्री स्वस्थानी व्रत समाप्ती, २४ गते अन्तर्राष्ट्रिय नारी दिवस, २७ गते महा शिवरात्री

ने.सं ११४१
चिल्लाथ्व/चिल्लागा:/चौलाथ्व

## r}q

March/April 2021

| आइत/SUN | सोम/MON | मंगल/TUE | बुध/WED | बिही/THU | शुक्र/FRI | शनि/SAT |
|---|---|---|---|---|---|---|
| प्रतिपदा १ 14 | द्वितीया २ 15 | तृतीया ३ 16 | चतुर्थी ४ 17 | पञ्चमी ५ 18 | षष्ठी ६ 19 | सप्तमी ७ 20 |
| अष्टमी ८ 21 | नवमी ९ 22 | दशमी १० 23 | दशमी ११ 24 | एकादशी १२ 25 | त्रयोदशी १३ 26 | चतुर्दशी १४ 27 |
| पूर्णिमा १५ 28 | प्रतिपदा १६ 29 | द्वितीया १७ 30 | तृतीया १८ 31 | चतुर्थी १९ Apr. 1 | पञ्चमी २० 2 | षष्ठी २१ 3 |
| सप्तमी २२ 4 | अष्टमी २३ 5 | नवमी २४ 6 | एकादशी २५ 7 | द्वादशी २६ 8 | त्रयोदशी २७ 9 | चतुर्दशी २८ 10 |
| चतुर्दशी २९ 11 | औंशी ३० 12 | प्रतिपदा ३१ 13 | | | | |

१ गते ग्याल्पो ल्होसार, १५ गते होली पूर्णिमा (पहाडी जिल्लामा विदा), १६ गते तराई होली (तराई जिल्लामा विदा), २७ गते पाहा चह्रे, २९ गते घोडे जात्रा (उपत्यका विदा)

**सार्वजनिक विदाहरू नेपाल बैङ्कको सर्कुलर बमोजिम*

# बैङ्कको सबैभन्दा सवल पक्ष यस प्रतिको जनविश्वास हो


## डा. पुष्प राज राजकर्णिकार

**पूर्व अध्यक्ष, ने.बै.लि.**




*((यस अङ्कमा हामीले नेपाल बैङ्क लिमिटेडका पूर्व अध्यक्ष डा.पुष्प राज राजकर्णिकारसंग बैङ्क विकास, व्यवस्थापन, कर्मचारी सेवा र बैकिङ्ग तथा व्यवस्थापन सेवामा बिताउनुभएको लामो अनुभव जस्ता विषयको सेरोफेरोमा रहेर लिइएको अन्तरवार्तालाई पाठक समक्ष प्रस्तुत गरेका छौं । सं.)*

| | |
|---|---|
| *नाम* | *: डा.पुष्प राज राजकर्णिकार* |
| *ठेगाना* | *: कुमारीपाटी, ललितपुर* |
| *जन्म मिति* | *: १६ जुलाइ १९४८* |
| *शिक्षा* | *: विद्यावारिधि* |
| *पिताको नाम* | *: चिनियाँ राजकर्णिकार* |
| *माताको नाम* | *: लक्ष्मीमायाँ राजकर्णिकार* |
| *पत्निको नाम* | *: कमला राजकर्णिकार* |
| *हालको ठेगाना* | *: कुमारीपाटी, ललितपुर* |
| *सं. समिति अध्यक्षमा नियुक्ति* | *: बि.सं.२०६६* |
| *सं. समितिमा बहाल अवधि* | *: २ वर्ष* |
| *रूचि* | *: नेपालभाषा साहित्य* |
| *भाषा ज्ञान* | *: नेपालभाषा, नेपाली अंग्रेजी, हिन्दी* |
| *भ्रमण* | *: भारत, पाकिस्तान, श्रीलंका, जर्मनी, फ्रान्स, बेलायत, अष्ट्रिया, स्वीट्जरलैण्ड, संयुक्त राज्य अमेरिका, सेनेगल, सिंगापुर, मलेशिया, कोरिया, जापान, फिलिपिन्स, इन्डोनेशिया, थाइलैण्ड, लाओस, भियतनाम, ताइवान, चीन, रुस, हंगकंग, मकाउ र नेपालका ५१ जिल्लाहरू* |
| *सम्मान* | *: नेपाल विद्या भूषण, न:लि साहित्य सम्मान, लुमिन श्रेष्ठ नेपालभाषा सम्मान र अन्य विभिन्न संस्थाहरूबाट गरी १० वटा सम्मान पत्र प्राप्त ।* |
| *पारिवारिक स्थिति* | *: बिवाहित, श्रीमती, तीन छोरी र एक छोरा* |
| *बैकिङ्ग अनुभव* | *: नेपाल राष्ट्र बैङ्कमा सहायक देखि डेपुटी गभर्नर सम्म ३० वर्ष र विभिन्न वाणिज्य बैङ्कहरूमा सञ्चालक समितिको अध्यक्ष, सदस्य र कार्यकारी प्रमुख ।* |

*नेबियु सन्देश : ज्वज्वलप्पा, हाल तपाई बैकिङ्ग सेवा निबृत्ति पछि आफ्नो अनुभवलाई कसरी सदुपयोग गर्दै हुनुहुन्छ ?*

उत्तर : ज्वज्वलपा, नेपाल राष्ट्र बैङ्कबाट सेवा निवृत भएपछि विभिन्न बैङ्कहरूमा सञ्चालक समितिको अध्यक्ष, सदस्य र कार्यकारी प्रमुख भै आफ्नो बैकिङ्गमा ज्ञान र अनुभवलाई उपयोग गरे । हाल एक जना स्वतन्त्र विज्ञको रूपमा लेखहरू र विभिन्न मञ्चहरू मार्फत आफ्नो अनुभव र विचारलाई नीति निर्माण तहसम्म पुऱ्याउने प्रयास गर्ने गरेको छु ।

*नेबियु सन्देश : नेपाल राष्ट्र बैङ्कको गरिमामय डेपुटी गभर्नरको अनुभव संगालिसक्नु भएको तपाईंलाई करिव १ दशक अगाडि नेपाल बैङ्कको सञ्चालक समितिको गरिमामय अध्यक्षमा नियुक्ति हुँदा कस्तो अनुभव गर्नुभयो ? संक्षेपमा बताइदिनु हुन्छ कि ?*

उत्तर: नेपालको सबैभन्दा जेष्ठ र ठूलो बैङ्कको नेतृत्व गर्ने अवसर पाउदा खुशी लाग्यो ।

*नेबियु सन्देश : तपाईं नेपाल बैङ्कको सञ्चालक समितिको गरिमामय अध्यक्ष पदमा चयन भएको समयमा नेपाल बैङ्कको अवस्था कस्तो थियो र तपाईको कार्यकालमा के कस्ता परिवर्तन एवं उपलब्धीहरू हासिल भए कृपया सविस्तार बताइदिनु हुन्छ कि ?*

उत्तर : धेरै कुराहरूको सम्झना छैन । बैङ्कमा प्रवेश गर्दा पूजी न्यून को अवस्था थियो । पूजी वृद्धिको योजना गरियो । सरकारले आफ्नो भागको शेयर खरिद गरेमा बैङ्कले थप पूजीको निमित्त जारी गरिने शेयरमा सर्वसाधारणको

पनि विश्वास र आकर्षण बढ्ने भएकोले सरकारले आफ्नो भागको शेयर किन्नु पर्दछ भन्ने मेरो आग्रह थियो । तर त्यसबेलाको सरकार कम्युनिष्ट नेतृत्वको सरकार भएपनि बढी निजीकरण तर्फ ढल्केको थियो र सार्वजनिक क्षेत्रको विस्तारमा त्यसको रुचि थिएन । नेपाल बैङ्कमा थप पूजी लगानी गर्न सरकार मानिरहेको थिएन । आफ्नो प्रयास जारी रहेकै अवस्थामा मैले राजीनामा दिए । बैङ्कको लागि आवश्यक उपयुक्त सफ्टवेयरको टुङ्गो नलागिरहेको अवस्था थियो । सफ्टवेयरको टुङ्गो लगाई बैङ्कमा प्रविधिको प्रयोगलाई अघि बढाइयो । बैङ्कको भौतिक सम्पत्तिको अद्यावधिकरण र अद्यावधिक मूल्याङ्कन गरियो ।

*नेबियु सन्देश : बैङ्क विकासको पाटोमा ICCMT को कार्यकाल, बैङ्कको पूँजीबृद्धि योजना, नेपाल राष्ट्र बैङ्कको प्रत्यक्ष भूमिका र तत्पश्चात हालको परिवर्तित अवस्थालाई कुन रूपमा लिनुहुन्छ ?*

उत्तर : ती क्रमिक सुधारका खुड्किलाहरू थिए । ती खुड्किलाहरू पार गर्दै हालको अवस्थामा आइपुग्दा सुधारै भएको होला भन्ने मलाइ लागेको छ । यद्यपि वर्तमान अवस्था बारे मलाइ राम्रो जानकारी छैन ।

*नेबियु सन्देश : इतिहास बोकेको आधुनिक बैङ्क नेपाल बैङ्कको विकास क्रममा बैङ्कले पूँजीबृद्धि योजनालाई सफल बनाई बैंकिङ्ग क्षेत्रमा अवल दर्जामा आफूलाई नाफामूलक संस्था बनाउन सफल भएको छ । यद्यपि कर्मचारीवर्ग, ग्राहकवर्ग र शेयर होल्डरलगायतका वर्गको असन्तुष्टिहरू अझै देखिएका छन् । यसलाई कसरी विश्लेषण गर्नु हुन्छ ?*

उत्तर : असन्तुष्टिका कारणहरू के के हुन् ? केलाउनु पर्दछ । असतुष्टिहरूलाई सम्बोधन गर्दै जानुपर्दछ । जे गर्दा पनि ग्राहकको असन्तुष्टिलाई केन्द्रमा राख्नुपर्दछ । स्वार्थ वाझिएका विभिन्न वर्गहरूको असन्तुष्टिलाई मेटाउन सन्तुलित र न्यायोचित निर्णयको आवश्यकता पर्दछ ।

*नेबियु सन्देश : बैङ्क व्यवस्थापनका सबल पक्ष र कमजोर पक्ष के के रहे ? साथै आगामी दिनमा यसलाई कसरी सुधार गर्नुपर्ला ?*

उत्तर : बैङ्कको सबैभन्दा सबल पक्ष यस प्रतिको जनविश्वास हो । यसको कमजोर पक्ष भनेको यसका कर्मचारीहरूको न्यून उत्पादकत्व हो । त्यसैले एकातिर बैङ्कप्रतिको जनविश्वासलाई कायम राख्न बैङ्क भित्रका विभिन्न स्वार्थ समूहहरूले आ-आफ्नै मात्र लाभ हेरी टकरावको स्थितिलाई ननिम्त्याइ लाभ–लाभको खेल खेल्नुपर्दछ भने अर्कोतिर बैङ्कको जनशक्तिको दक्षता अभिबृद्धि तर्फ ध्यान दिइनुपर्दछ ।

*नेबियु सन्देश : नेपाल बैङ्कलाई निजीकरण गरी रणनीतिक साझेदारलाई हस्तान्तरण गर्ने साथै आफ्नो स्वामित्वमा रहेको शेयर समेत विक्रि गर्ने प्रक्रियाको सन्दर्भमा तपाईंको धारणा के हुन सक्ला ?*

उत्तर: जरुरी छैन । नेपाली व्यवस्थापनबाट पनि बैङ्कको सफल सञ्चालन हुन सक्छ ।

*नेबियु सन्देश : बैंकिङ्ग सेवाको लामो अनुभव तपाई कसरी साट्न चाहनु हुन्छ ? बैंकिङ्ग सेवामा रहँदाको तपाईको सुखद/दु:खद क्षण बारे केही बताइ दिनुहुन्छ कि ?*

उत्तर : त्यस्तो विशेष उल्लेखनीय सुखद वा दु:खद क्षणको अनुभव भएन । एउटा कर्मचारीले हिंड्नुपर्ने कर्तव्यपथमा सामान्य रूपमा हिंडिरहे, जहांसम्म पुगियो पुगियो ।

*नेबियु सन्देश : अन्तमा तपाईको भन्नैपर्ने कुरा केही छ कि ? अनि हाम्रा पाठकवर्गलाई के सन्देश दिन चाहनु हुन्छ ?*

उत्तर: हाल केही वर्ष देखि सामान्य जनताको लागि बैंकिङ्ग प्रकृया झन् झन् जटील र झन्झटिलो भएको छ । बैङ्कमा खाता खोल्नै गाह्रो, खोलेपछि क्रियाशिल राख्नै गाह्रो र बन्द गर्न चाहे बन्द गर्नै गाह्रो । कागजातहरू पनि धेरै र पटकपटक पेश गर्नुपर्ने । सारांशमा अहिलेको बैकिङ्ग प्रक्रिया साना ग्राहकमुखी छैन । यसमा सुधारको आवश्यक छ । अर्को कुरा, बैङ्क परिवारका सबैले आ-आफ्नो कर्तव्य मात्र पालन गरेमा पनि बैङ्क सफल हुन्छ, देश विकास हुन्छ । नेपालमा अरुलाई पाठ सिकाउने आफू केही नगर्ने प्रवृत्ति हावी छ । यो प्रवृत्तिलाई बदल्नु आवश्यक छ । सबैले आ-आफ्नो कर्तव्य पूरा गरौं, अरुको आलोचना गर्नमा धेरै समय खर्च नगरौं ।

# भावपूर्ण श्रद्धाञ्जली



**स्व. आरती मुनंकर्मी**
जन्म : २०२४ मंसिर १०
देहावसान : २०७५ असोज २२

यस युनियनका महासचिव राजुराम मुनंकर्मीकी जीवनसंगिनी **आरती मुनंकर्मी**को मिति २०७५ असोज २२ गते सोमबारका दिन भएको दु:खद निधनको खबरले हामी युनियन परिवार स्तव्ध एवं मर्माहत भएका छौं ।

यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भनी कामना गर्दछौं । साथै हार्दिक समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चीर शान्तिको कामना समेत गर्दछौं ।

**नेपाल बैंङ्क कर्मचारी युनियन**
**परिवार**

सार्वजनिक खर्चमा चाप बढ्दै जानु, आयोजनाहरू एकीकृत हुनुभन्दा छरिदै जानु उत्पादनशील क्षेत्रमा यथेष्ट सार्वजनिक लगानी प्रवाहित हुन नसक्नु, सार्वजनिक संस्थानको कार्यकुशलतामा ह्रासआई संस्थानहरू नेपालको सरकारको लागि भार बन्दै जानु जस्ता जटिल चुनौतीहरू पनि हाल विद्यमान रहेको पाइन्छ ।

राजश्व चुहावटलाई खास गरेर कर चुहावटमा नै बढी सम्मिलित गर्न सकिन्छ । यस बाहेक विभिन्न मन्त्रालय, संघ, संस्थानहरूबाट नेपाल सरकारलाई बुझाउनुपर्ने राजश्व नबुझाएमा अथवा थोरै मात्र बुझाएमा पनि राजश्व चुहावट भएको मान्न सकिन्छ । कानूनले निर्धारण गरे बमोजिम सरकारलाई प्राप्त हुने अधिकतम कर रकम र कर तिर्ने कर्तव्य भएका व्यक्तिहरूले वास्तवमा बुझाएको कर रकमको फरक वा अन्तरलाई जनाउने आर्थिक शब्दावली कर चुहावट हो । कानूनी कर छिद्र र फन्दा (Tax Loopholes and Trap) सुविधा सहुलियतहरूलाई माध्यम बनाई कर छल्नु वैधानिक कर चुहावट हो । कानूनी कमजोरीबाट फाइदा उठाई आफ्नो करको दायित्व घटाउन वा हटाउन र सकारात्मक दृष्टिकोणबाट प्रदत्त सुविधा र सहुलियतलाई नकारात्मक रूपमा प्रयोग गरी इच्छित फल प्राप्त हुनबाट विचलन ल्याउनुलाई वैधानिक कर चुहावट मान्नु पर्दछ । यस्तो चुहावट नैतिक दृष्टिबाट राम्रो नमानिए तापनि कानूनी दृष्टिबाट अवैधानिक ठहराउन मिल्दैन । आर्थिक दृष्टिकोणबाट कतिपय वैधानिक चुहावट इच्छित हुन्छन् भने कतिपय चुहावटहरू अनपेक्षित हुन्छन् । गणतन्त्र पछिका सरकारले राजश्व उठाउने कार्यमा प्राप्त गरेको सफलता उल्लेखनिय रहेको देखिएता पनि करका नयाँ क्षेत्र पहिचान नहुनु, कर प्रणाली बोझिलो हुदै जानु, संकलन प्रक्रिया त्रुटीपूर्ण हुनु आदि जस्ता कारणले कर राजश्वको परिचालन जुन परिमाण र स्वरूपमा अपेक्षा गरिएको छ त्यो हुन सकेको छैन । बढ्दो जनताका तीव्र विकासका अपेक्षा र राज्यले जनताका लागि पुऱ्याउनुपर्ने सेवाको अनिवार्यताले सार्वजनिक खर्चमा व्यापक विस्तार गर्नुपर्ने जरुरी छ । फराकिलो र समावेशी आर्थिक बृद्धिका लागि लगानी गर्नुपर्ने भएकोले र समष्टिगत आर्थिक नीतिलाई पनि सन्तुलन कायम गर्न कर नीतिलाई लगानी मैत्री बनाउनु जरुरी छ । नेपालको राजश्व परिचालनको अवस्था धेरै विकासोन्मुख देशहरूको तुलनामा पनि धेरै न्यून छ । अझै पनि हाम्रो कुल गार्हस्थ उत्पादनको तुलनामा राजश्व असुली १४.६ प्रतिशत मात्र रहेको छ भने कर राजश्वमात्रको अनुपात करिब १२ प्रतिशतमा सीमित छ ।

*क्रमशः ... (बाँकी अंश अर्को अङ्कमा)*




प्रोग्रेशिभ फाइनान्स लिमिटेड
Progressive Finance Limited

Pako, Newroad, GPO Box No. 10390, Kathmandu, Tel: 4246402, 4242244, Fax: 977-1-246403

**क) बचत निक्षेपको दैनिक मौज्दातमा प्रदान गरिने बार्षिक व्याजदर :**

प्राकृतिक व्यक्ति तर्फ

| वचतको प्रकार | व्याजदर | न्यूनतममौज्दात | व्याज पुंजीकृत |
|---|---|---|---|
| गरिने समय | ८.००% | रु.१०० ।– | त्रैमासिक |
| क) सामान्य तथा विशेष वचत : | ७.५०% | रु.१०० ।– | त्रैमासिक |
| ख) प्रोग्रेशिभ सुपर वचत : | ७.७५% | रु.५,००० ।– | मासिक |
| ग) बालवचत : | ७.५०% | रु.१,००० ।– | त्रैमासिक |
| घ) कर्मचारी ग्रोइङ प्लस बचत : | ७.७५% | रु.१,००० ।– | त्रैमासिक |
| ङ) प्रोग्रेशिभ गोल्ड वचत | ७.७५% | रु.२,००० ।– | त्रैमासिक |
| च) शेयरधनी वचत | ८.५०% | रु.५,००० ।– | मासिक |
| छ) प्रोग्रेशिभ उन्नति वचत | ७.५०% | रु.१,००० ।– | त्रैमासिक |
| ज) उग्रतारा विशेष बचत | ७.५०%* | रु.१०० ।– | त्रैमासिक |
| झ) शुभारम्भ बचत खाता | ७.५०%* | रु.१ ।– | त्रैमासिक |
| ञ) जेष्ठ नागरिक/कृषक मजदुर/ एकल महिला पुरुष बचत खाता | ८.००% | रु.५,०००/- | मासिक |
| ट) प्रशन्न बचत खाता | ८.५०% | रु.५०,०००/- | मासिक |

संस्थागत तर्फ

| | | | |
|---|---|---|---|
| १. सामान्य कर्पोरेट वचत | ८.००% सम्म | वित्तीय संस्थाहरू रु १०,०००/- अन्य संस्थाहरू १,०००/- | त्रैमासिक |
| २. प्रोग्रेशिभ सुपर कर्पोरेट बचत | ८.००% सम्म | रु १,००,०००/- | त्रैमासिक |
| ३. प्रोग्रेशिभ सुपर कर्पोरेट बचत | ७.५०% सम्म | वित्तीय संस्थाहरू रु.१०,०००/- | त्रैमासिक |
| ४. कल खाता | ७.५०% सम्म | रु.५,०००/- | त्रैमासिक |

* शर्तहरू लागु हुनेछ ।

**ख) साधारण मुद्दती निक्षेपमा प्रदान गरिने वार्षिक व्याजदर :**

प्राकृतिक व्यक्ति तथा संस्था तर्फ

| अवधि | मासिक ब्याज भुक्तानी | त्रैमासिक ब्याज भुक्तानी | वार्षिक ब्याज भुक्तानी | म्याद पश्चात ब्याज भुक्तानी |
|---|---|---|---|---|
| ३ महिना देखि १ बर्ष मुनिसम्म | १०.१५% | ६.५०% | - | ६.५०% |
| १ बर्ष देखि २ बर्ष मुनिसम्म | १०.२५% | १०.००% | - | १०.००% |
| २ बर्षदेखि माथि ५ बर्षसम्म | १०.५०% | ११.५०% | १२.००% | १२.००% |
| ५ बर्ष भन्दामाथि | आपसिसहमतिमा | १२.००% | १२.५०% | १३.००% |

*नोट : उपरोक्त निक्षेपमा कर्जा लिएमा थप व्याजदर ३.०० प्रतिशत सम्म लाग्नेछ र निक्षेपको ९० प्रतिशत सम्म कर्जा दिन सकिनेछ ।*

*युनियनको प्रशिक्षण कार्यक्रम.....*

प्रशिक्षणकार्यक्रमकोसञ्चालनकार्यक्रम संयोजकएवंयुनियनकाउपाध्यक्षअनिताकायष्ठले गर्नुभएको थियो भने सहभागीहरूको तर्फबाट सुमन श्रेष्ठले युनियनप्रति कृतज्ञता ज्ञापन गर्दै ज्ञानलाईउर्जाथप्नसिपकोविकासरव्यवहारमा लागू गर्न प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरि नुपर्नेबताउनुभयो ।त्यसैगरी प्रशिक्षार्थीहरूलाई प्रशिक्षण संयोजक कीर्ति तुलाधरले प्रमाणपत्र वितरणगर्नुभएकोथियोभनेदुबैप्रशिक्षकद्वयलाई युनियनका अध्यक्ष रमेशकुमार श्रेष्ठले मायाको चिनो प्रदान गर्नुभएको थियो ।

उक्त प्रशिक्षण कार्यक्रममा युनियनका रमेशकुमार श्रेष्ठ, दीपकराज शर्मा, अनिता कायष्ठ, राजुराम मुनंकर्मी, राम गोपाल श्रेष्ठ, सन्तोष श्रेष्ठ, रविन्द्र गिरी, हिराप्रसाद कर्माचार्य, सरीता प्रधान, जितेन्द्रबहादुर खड्का, हरिसुन्दर कुसी, लोकेशप्याकुरेल, सुरेन्द्रकुमार कर्ण, पुष्पराज भुजु, मनिकानायजु, सरोजश्रेष्ठ, विकासनेपाली , सुमनकुमार साह, प्रकाशलाल, ओमकार प्रधान रसुमनश्रेष्ठकोसक्रियसहभागितारहेकोथियो।

# हार्दिक बधाई

नेपाल बैंङ्क लिमिटेडको गरिमामय सञ्चालक समितिको अध्यक्षमा **श्री बासुदेव अधिकारी** तथा सदस्यहरुमा श्री **हरिशरण पुडासैनी**, **श्री दीपेन्द्र विक्रम थापा**, **डा.उमाकान्त सिलवाल**, **श्री भरत राज वस्ती** र **श्री गंगा प्रसाद ज्ञवाली** नियुक्त भई पदभार समेत ग्रहण गरिसक्नु भएको हुँदा यस युनियन परिवार उहाँहरुको कार्यकालको पूर्ण सफलताको कामना समेत गर्दछ ।

साथै सञ्चालक समितिका नवनियुक्त अध्यक्षलगायत सम्पूर्ण सदस्यज्यूहरूको कुशल नेतृत्वले नेपाल बैंङ्क लिमिटेडलाई अग्रता कायम गर्नमा सफलता मिलोस् भनी हार्दिक शुभेच्छा समेत प्रकट गर्दछौं ।

**नेपाल बैंङ्क कर्मचारी युनियन परिवार**

# भावपूर्ण श्रद्धाञ्जली



**स्व. बृजमोहन जयसवाल**
जन्म : २०२४ चैत्र २५
देहावसान : २०७५ कार्तिक २७

यस युनियनका केन्द्रीय सदस्य तथा नेपाल बैंङ्क लिमिटेड प्रधान कार्यालय आइ.टि. विभागमा कार्यरत कर्तव्यनिष्ठ, मिलनसार व्यक्तित्व उपप्रवन्धक **बृजमोहन जयसवाल**को मिति २०७५ कार्तिक २७ गते मंगलबारका दिन भएको दुःखद निधनको खवरले हामी युनियन परिवार स्तव्ध एवम् मर्माहत भएका छौं । यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं । साथै दिवंगत आत्माको चीर शान्तिको कामना समेत गर्दछौं ।

**नेपाल बैंङ्क कर्मचारी युनियन परिवार**

# भावपूर्ण श्रद्धाञ्जली



**स्व. रमादेवी दाहाल**

**यस युनियनका केन्द्रीय सदस्य सुदिप दाहाल कि हजुरआमा रमादेवी दाहालको मिति २०७५ कार्तिक २८ गते र हजुरबुवा कालिप्रसाद दाहालको मिति २०७५ माघ १३ गतेका दिन भएको दुःखद निधनप्रति गहिरो शोक व्यक्त गर्दै हार्दिक श्रद्धान्जलि अर्पण गर्दछौं ।**



**स्व. कालिप्रसाद दाहाल**

**यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भनी कामनाका साथ हार्दिक समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चीर शान्तिको कामना समेत गर्दछौं ।**

**नेपाल बैंङ्क कर्मचारी युनियन परिवार**

# Methods of Payment in International Trade



**–Arjun Bahadur Kandel**

Senior Manager

**Central Trade Finance, NBL**

## Advance Payment

With cash-in-advance payment terms, an exporter can avoid credit risk because payment is received before the ownership of the goods is transferred. For international sales, wire transfers and credit cards are the most commonly used cash-in-advance options available to exporters. However, requiring payment in advance is the least attractive option for the buyer, because it creates unfavorable cash flow. Foreign buyers are also concerned that the goods may not be sent if payment is made in advance. Thus, exporters who insist on this payment method as their sole manner of doing business may lose to competitors who offer more attractive payment terms.

## Letters of Credit

Letters of credit (LCs) are one of the most secure instruments available to international traders. LC is a commitment by a bank on behalf of the buyer that payment will be made to the exporter, provided that the terms and conditions stated in the LC have been met, as verified through the presentation of all required documents. The buyer establishes credit and pays his or her bank to render this service. LC is useful when reliable credit information about a foreign buyer is difficult to obtain, but the exporter is satisfied with the creditworthiness of the buyer's foreign bank. LC also protects the buyer since no payment obligation arises until the goods have been shipped as promised.

## Parties Involved in Letter of Credit

1. Applicant
2. Advising Bank
3. Issuing Bank
4. Beneficiary
5. Confirming Bank
6. Nominated Banks
7. Reimbursing Banks

## Types of Letter of Credit

1. Sight LC Vs Usance LC
2. Revocable LC Vs Irrevocable LC
3. Confirmed LC Vs Not confirmed LC
4. Red clause LC
5. Revolving LC
6. Transferable LC
7. Back to Back LC
8. Stand By LC

## Documentary Collections

A documentary collection (D/C) is a transaction whereby the exporter entrusts the collection of the payment for a sale to its bank (remitting bank), which sends the documents that its buyer needs to the importer's bank (collecting bank), with instructions to release the documents to the buyer for payment. Funds are received from the importer and remitted to the exporter through the banks involved in the collection in exchange for those documents. D/Cs involve using a draft that requires the importer to pay the face amount either at sight (DAP-document against payment) or on a specified date (DAA-document against acceptance). The collection letter gives instructions that specify the documents required for the transfer of title to the goods. Although banks do act as facilitators for their clients, D/Cs offer no verification process and limited recourse in the event of non-payment. D/Cs are generally less expensive than LCs.

## Open Account

An open account transaction is a sale where the goods are shipped and delivered before payment is due, which in international sales is typically in 30, 60 or 90 days. Obviously, this is one of the most advantageous options to the importer in terms of cash flow and cost, but it is consequently one of the highest risk options for an exporter. Because of intense competition in export markets, foreign buyers often press exporters for open account terms since the extension of credit by the seller to the buyer is more common abroad. Therefore, exporters who are reluctant to extend credit may lose a sale to their competitors. Exporters can offer competitive open account terms while substantially mitigating the risk of non-payment by using one or more of the appropriate trade finance techniques. When offering open account terms, the exporter can seek extra protection using export credit insurance.

## Consignment

Consignment in international trade is a variation of open account in which payment is sent to the exporter only after the goods have been sold by the foreign distributor to the end customer. An international consignment transaction is based on a contractual arrangement in which the foreign distributor receives, manages, and sells the goods for the exporter who retains title to the goods until they are sold. Clearly, exporting on consignment is very risky as the exporter is not guaranteed any payment and its goods are in a foreign country in the hands of an independent distributor or agent. Consignment helps exporters become more competitive on the basis of better availability and faster delivery of goods. Selling on consignment can also help exporters reduce the direct costs of storing and managing inventory. The key to success in exporting on consignment is to partner with a reputable and trustworthy foreign distributor or a third-party logistics provider.





*Figure 1: Payment Risk Diagram*

*युनियनको वार्षिकोत्सव ...*




सो कार्यक्रममा नेपाल बैङ्क लिमिटेडका क्रियाशिल अन्य ३ वटा सहकर्मी ट्रेड युनियनका पदाधिकारी तथा सदस्यहरू, नेपाल बैङ्कका भु.पु. कर्मचारीहरू, नेबियु सन्देशका लेखक वर्ग र बिज्ञापनदाताहरू, एनडिफन्टका पदाधिकारी तथा सदस्यहरू, पत्रकार, ब्लोदानका पदाधिकारीहरू, नेपाल रक्त संचार केन्द्रका निर्देशकज्यू, ने.हृ.रो.नि.प्र.लगायतका अन्य संघ संस्थाहरू समेतको उल्लेखनीय सहभागिता रहेको थियो





***Happy New Year 2075***

**Rejendra Man Shrestha**
Director

ROCHAK HAND-KNIT CRAFT
**Manufacturer and Wholeseller of**
**Handmade Wollen Sweter, Cotton and Natural Fiber**
P.O. Box 10005, 63/48 Pahikwa Marg, Naya Bazar (Town Planning), Kathmandu-16
E-mail: rochakhandkintcraft@hotmail.com Website: www.rochkhandkntcraft.com.np




कार्यक्रममा सहभागीहरूलाई युनियनको तर्फबाट युनियनका केन्द्रीय अध्यक्ष रमेशकुमार श्रेष्ठ, महासचिव राजुराम मुनंकर्मी र संयोजक एवम् वरिष्ठ उपाध्यक्ष राजुभक्त प्रधानाङ्गले स्वागत गर्नुभएको थियो ।



बैङ्क कर्मचारीहरूको मिनी भेला जस्तै देखिएको उक्त कार्यक्रममा नयाा, पुराना कर्मचारीहरू बीच एकआपसमा परिचय र अनुभव आदानप्रदान गर्ने अवसर मिलेको सहभागीहरूले बताए । सोही दिन दीपावली गरी पााचौ वर्ष प्रवेश बार्षिकोत्सव भव्यतापुर्वक सम्पन्न गरियो ।





Medico **Home**

Dharmapath, New Road, Ph. 4247817
E-mail: medicohom@hotmail.com

Our Services:

***General medicine, General Surgery, Ghynae & Obs. Dermatologist, Endoscopy, Pediatrician, Orthopedic, E.N.T., E.C.G., Dental, X-Rays, Pharmacy, Homeopathy, Pathology Laboratory, U.S.G. (Ultra Sono Gram)***

# संगठन सुदृढिकरण अन्तर्गत शाखाहरूको भ्रमण


नेपाल बैङ्क कर्मचारी युनियनले संगठन सुदृढिकरण अन्तर्गत विभिन्न जिल्लामा रहेका नेपाल बैङ्क लिमिटेडका शाखाहरूमा २०७५ पौष महिना देखि २०७५ चैत्र महिनासम्म युनियनका पदाधिकारी तथा सदस्यहरूको टोलीले विभिन्न मितिमा भ्रमण गरी संगठन सुदृढिकरण अन्तर्गत भेला, बैठक सम्पन्न गरी शाखागत समस्या संकलन, शाखागत अवस्थाबारेको जानकारी बैङ्क विकास तथा पेशागत हकहितका बारे सुझाव संकलन कार्य सफलतापूर्वक सम्पन्न गरेको छ । सो कार्यक्रम अन्तर्गत २०७५ पौष महिनामा नेपालगन्ज क्षेत्रका विभिन्न शाखाहरू, चितवनका विभिन्न शाखाहरू, पोखरा क्षेत्र अन्तर्गतका विभिन्न शाखाहरू, सुर्खेतलगायतका शाखाहरूमा भ्रमण सम्पन्न गरेको थियो भने २०७५ माघ महिनामा बिरगन्जक्षेत्रका विभिन्न शाखाहरू, हेटौडाका शाखाहरू तथा चितवनका बाकी शाखाहरूमा सफलतापूर्वक भ्रमण सम्पन्न गरेको थियो ।

तीन चरणमा विभाजित गरिएको उक्त भ्रमण कार्यक्रमको तेस्रो चरण अन्तर्गत २०७५ चैत्र महिनामा काभ्रे, सिन्धुपाल्चोक र दोलखामा भ्रमण सम्पन्न गरी काठमाण्डौ उपत्यकाका सम्पूर्ण शाखाहरूमा सफलतापूर्वक संगठन सुदृढिकरण कार्यका साथै शाखागत बस्तुस्थितिबारे अध्ययन अवलोकन र बैङ्क विकास तथा पेशागत हकहितका बारे राय सुझाव संकलन कार्य समेत सफलतापूर्वक सम्पन्न गरिएको थियो ।

## ब्लोदानका विविध कार्यक्रमहरूमा सहभागिता

यस युनियन आवद्ध रहेको ब्लड डोनर्स एशोसियन नेपाल (ब्लोदान) का हरेक कार्यक्रमहरूमा यस युनियनको पनि सक्रिय सहभागिता रहादै आएको छ । सोही अनुसार यो वर्ष २०७५ भाद्र ३० गतेका दिन नेपाः व्याङ्क्वेट, खुशिबुमा सम्पन्न भएको ब्लोदानको २१ औं साधारण सभा तथा नवौं अधिवेशन, मिति २०७५ कार्तिक महिनामा सम्पन्न भएको शुभकामना आदानप्रदान र चियापान कार्यक्रम र मिति २०७५ फागुन २५ गते क्षेत्रपाटी पार्टी प्यालेसमा सम्पन्न भएको चौथो राष्ट्रिय रक्तदाता दिवस २०७५" मा यस युनियनका केन्द्रीय उपाध्यक्ष दीपकराज शर्मा, महासचिव राजुराम मुनंकर्मी, सचिव रामगोपाल श्रेष्ठलगायतका पदाधिकारी तथा सदस्यहरूको सहभागिता रहेको थियो ।





व्यवस्थापन संयोजक : रमेशकुमार श्रेष्ठ, व्यवस्थापन : दीपकराज शर्मा, महेश डंगोल, राम गोपाल श्रेष्ठ, हरिसुन्दर कुसी, प्रधान सम्पादक : राजुराम मुनंकर्मी, सम्पादक : सन्तोष श्रेष्ठ,
प्रकाशक : नेपाल बैङ्क कर्मचारी युनियन, केन्द्रीय समिति, काठमाडौं, फोन : ४२२११८५ (एक्सटेन्सन : ४६०) E-mail: nebeu.sandesh@gmail.com